बीउ बिजन गुणस्तर नियमन सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०८२

(मा. मन्त्रिस्तरबाट स्वीकृत मितिः २०८२/१०/२६)

(पहिलो संशोधन मितिः २०८३/०८/०३)

<u>प्रस्तावना:</u> प्रदेशभित्र उत्पादन, आपूर्ति तथा बिक्री वितरण हुने बीउ बिजनको गुणस्तर परीक्षण, नियमन तथा प्रमाणीकरण गरी कृषकलाई गुणस्तरीय बीउ बिजनको उपलब्धता सुनिश्चित गराउन सञ्चालन गरिने विभिन्न कार्यक्रमलाई व्यवस्थित गर्नका लागि "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि २०८१" को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड तयार गरेको छ।

१. <u>प्राविधिक पक्ष:</u>

(१) बीउ बिजन परीक्षण, गुणस्तर नियमन तथा प्रमाणीकरणको लागि प्रदेश कृषि प्रयोगशाला मार्फत देहाय बमोजिमका कार्यक्रम तथा क्रियाकलाप बीउ बिजनसँग सम्बन्धित संघीय र प्रदेश कानुनमा रहेका प्राविधिक निर्देशन बमोजिम सञ्चालन गर्न सकिनेछ।

क्र.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलाप
१.	बीउ गोदाम घर निरीक्षण	"राष्ट्रिय बीउ बिजन समितिद्धारा स्वीकृत बीउ बिजन प्रमाणीकरण मापदण्ड, २०८२ बमोजिम बीउ भण्डार निरीक्षण गरी प्रतिवेदन तयार गर्नु पर्नेछ।
२.	बीउ प्रमाणीकरण	"राष्ट्रिय बीउ बिजन समितिद्धारा स्वीकृत बीउ बिजन प्रमाणीकरण मापदण्ड, २०८२ बमोजिम बाली खेत निरीक्षण गर्ने, प्रमाणीकरण गरिने बीउको नमुना सङ्कलन गर्ने, नमुना परीक्षण र ट्याग लगाउने तथा प्रतिवेदन तयार गर्नु पर्नेछ।
३.	बीउ नमुना परीक्षण (गुणस्तर परीक्षण)	"राष्ट्रिय बीउ बिजन समितिद्धारा स्वीकृत बीउ बिजन परीक्षण मापदण्ड, २०८२ बमोजिम बीउ नमुना परीक्षण गरी प्रतिवेदन तयार गर्नु पर्नेछ।
४.	बीउ बाली खेत निरीक्षण	बीउ बिजन उत्पादन सम्बन्धी प्रचलित कानुन बमोजिम बीउ बालीको खेत निरीक्षण गरी प्रतिवेदन तयार गर्नु पर्नेछ।
५.	बीउ बजारबाट नमूना खरिद तथा परीक्षण	बजारमा बिक्रि वितरणको लागि राखिएका बीउ बिजनका नमुना "राष्ट्रिय बीउ बिजन समितिद्धारा स्वीकृत बीउ बिजनको नमूना संकलन मापदण्ड, २०८२ बमोजिम सङ्कलन गर्ने, "राष्ट्रिय बीउ

"पहिलो संशोधनद्वारा संशोधित।

डा.प्रेरणा सेढाई भट्टराई
प्रदेश सचिव

मुख्यमन्त्री

		बिजन समितिद्धारा स्वीकृत बीउ विजन परीक्षण मापदण्ड, २०८२ बमोजिम परीक्षण गर्ने तथा प्रतिवेदन तयार गर्नु पर्नेछ।
६.	क्रस चेक बीउ नमुना सङ्कलन तथा परीक्षण	सरकारी प्रयोगशालाबाट परीक्षण गरिएका बीउ नमुना मध्येबाट नमुना सङ्कलन तथा परीक्षण गरी प्रतिवेदन तयार गर्नु पर्नेछ।
[β]७.	बीउ बाली खेत निरीक्षणमा बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषक परिचालनमा सहयोग	राष्ट्रिय बीउ बिजन समितिद्वारा स्वीकृत बीउ बिजन प्रमाणीकरण मापदण्ड, २०८२ बमोजिम बीउ बाली खेत निरीक्षण गरी सम्बन्धित बीउ उत्पादक र प्रदेश कृषि प्रयोगशालालाई प्रतिवेदन पेस गर्नुपर्नेछ। बीउ विजन ऐन, २०४५ बमोजिम अनुमतिपत्र लिएका बीउ विजन निरीक्षक तथा बीउ विजन विश्लेषकहरुलाई खेत निरीक्षणमा परिचालन गर्न सकिनेछ।

२. <u>आर्थिक पक्षः</u>

बीउ बिजन गुणस्तर परीक्षण, नियमन तथा प्रमाणीकरणका विभिन्न कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिमका शिर्षकमा गण्डकी प्रदेश सरकारबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि २०८१, प्रदेश खर्चको मापदण्ड, २०७९ तथा स्वीकृत बजेटको परिधिभित्र रही खर्च गर्न सकिनेछ।

क्र.सं.	कार्यक्रम	क्रियाकलापहरु
१.	बीउ गोदाम घर निरिक्षण	निरीक्षणमा खटिने कर्मचारीको नियमानुसारको दैनिक भ्रमण खर्च, [α]मापदण्ड बमोजिमका अनुसूची फारमहरुको छपाई खर्च, निरीक्षणको लागि प्रयोग हुने सामग्री (तापक्रम मापन यन्त्र, बीउ चिस्यान मापन यन्त्र, Magnifying glass आदि) खरिद खर्च
२.	बीउ प्रमाणीकरण	बीउ बाली खेत निरीक्षण, बीउ नमुना सङ्कलन, बीउ ट्यागिङ कार्यमा खटिने कर्मचारीको नियमानुसारको दैनिक भ्रमण खर्च, प्राविधिक मापदण्ड बमोजिमका अनुसूची फारमको छपाई खर्च
३.	बीउ नमुना परीक्षण (गुणस्तर परीक्षण)	बीउ नमुना सङ्कलन तथा परीक्षणमा प्रयोग हुने विभिन्न रसायन, मेसिन, औजार, यन्त्र उपकरण लगायतका सामग्री खरिदको

[α] पहिलो संशोधनद्वारा संशोधित।

[β] पहिलो संशोधनद्वारा थप।

डा.प्रेरणा सेढाई भट्टराई
प्रदेश सचिव

मुख्यमन्त्री

		लागि लाग्ने रकम, प्राविधिक मापदण्ड बमोजिमका अनुसूची फारमको छपाई खर्च
४.	बीउ बाली खेत निरीक्षण	अनुमति प्राप्त बीउ उत्पादकको बीउ बाली खेत निरीक्षण तथा प्रतिवेदन गर्ने कार्यमा खटिने कर्मचारीको नियमानुसारको दैनिक भ्रमण खर्च, प्राविधिक मापदण्ड बमोजिमका अनुसूची फारमको छपाई खर्च, बाली निरीक्षणमा आवश्यक हुने सामग्री खरिद खर्च
५.	बीउ बजारबाट नमुना खरिद तथा परीक्षण	बजारमा बिक्रि वितरणको लागि राखिएका बीउ मध्येबाट परीक्षणको लागि आवश्यक पर्ने नमुनाहरुको खरिदको लागि लाग्ने रकम, नमुना सङ्कलनको लागि खटिंदाको नियमानुसारको दैनिक भ्रमण खर्च
६.	क्रस चेक बीउ नमुना सङ्कलन तथा परीक्षण	क्रस चेक बीउ नमुना सङ्कलनको लागि खटिने कर्मचारीको नियमानुसारको दैनिक भ्रमण खर्च
[ब]७.	बीउ बाली खेत निरीक्षणमा बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषक परिचालनमा सहयोग	बीउ बाली खेत निरीक्षणमा खटिने बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषकलाई राष्ट्रिय बीउ बिजन समितिद्वारा तोकिए बमोजिमको सेवा शुल्क बापतको रकम भुक्तानीमा लाग्ने खर्च

३. <u>संसोधनः</u> मन्त्रालयले आवश्यकता अनुसार यो मापदण्ड संसोधन गर्न सक्नेछ।

४. <u>प्रचलित कानुन बमोजिम हुनेः</u> यो मापदण्डमा उल्लेख भएका बिषयहरु यसै बमोजिम र अन्य बिषयहरु प्रचलित कानुन बमोजिम हुनेछ।

[ब] पहिलो संशोधनद्वारा थप।

डा.प्रेरणा सेढाई भट्टराई
प्रदेश सचिव

सभ्यमन्त्री